धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

ईभि मिनि बस (हायस १६ सिट क्षमता भएका) सवारी साधन संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना। प्रथम पटक प्रकाशित मितिः २०८३।७।१७

ठेक्का न. R 11DSMC//083/084

धनगढी उपमहानगरपालिकाको स्वामित्वमा रहेका ८ वटा ईभि मिनि बस (हायस १६ सिट क्षमता भएका) सवारी साधनलाई तपसिल बमोजिम तोकिएका रुटहरुमा सार्वजनिक सवारीका रूपमा बस सेवा संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ बमोजिम १० बर्ष सम्मका लागि ठेक्कामा लगाउनु पर्ने भएकोले उक्त कार्य ठेक्कामा लिन चाहने ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि २१ दिने सिलबन्दी दरभाउपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

सूचनाका शर्तहरु

१. माथि उल्लेखित ८ वटा ईभि सवारी साधनलाई बहालमा लगाउनका लागि रुट र न्यूनतम् बढाबढ ठेक्का अंक देहाय बमोजिम कायम गरिएको छ।

प्याकेज न.	रुटहरुको सुरुवातको बिवरण	रुटहरुको गन्तब्यको बिवरण	न्यूनतम् बढाबढ ठेक्का अंक
१	स्याउलेबाट - हसनपुर पिपल चौतारा हुदै	धनगढी १ नेपाली काग्रेस पार्टी कार्यालय नजिक रहेको पार्किङ स्थल	२ वटा ईभि मिनि बस (हायस) सवारी साधनको मासिक बहाल कर सहित न्युनतम बढाबढ अंक रु ३०००। (तीस हजार)
२	बनबेहडाबाट-सरौटा-धुरजन्ना- सुकुम्वासी शिबिर-पथरी-देवहरीया गौडी-कैलाली बहुमुखि क्याम्पसबाट	धनगढी १ नेपाली काग्रेस पार्टी कार्यालय नजिक रहेको पार्किङ स्थल	२ वटा ईभि मिनि बस (हायस) सवारी साधनको मासिक बहाल कर सहित न्युनतम बढाबढ अंक रु ३०००। (तीस हजार)
३	चौमाला बजार - रामपुर-घसिटा-भादा-गुरही चौक-भादा तिलकपुर १५ न. वडा कार्यालय -उर्मा-उर्मी-कनरी - बेलीबाट	धनगढी १ नेपाली काग्रेस पार्टी कार्यालय नजिक रहेको पार्किङ स्थल	२ वटा ईभि मिनि बस (हायस) सवारी साधनको मासिक बहाल कर सहित न्युनतम बढाबढ अंक रु ३०००। (तीस हजार)

अधिकृत स्तर आठौं

प.स. रा. ०८३।०८४
च.नं.

४	वडा न. १२ सिद्दार्थ नगरबाट -बालुवाटार चौक- वडा कार्यालय -जुगेडा बि गाउ प्रहरी पोस्ट - ललै भगंरा शिव मन्दिर जुगेडा गाउँ -जनकल्याण मा.बि स्कुल - घले चोक - घुईयाघाट पिपल चोक - भवानी स्कुल - शैलेश्वरी मन्दिर -पुर्व दक्षिण शिवराम नगर टोल - शैलेश्वरी मन्दिर भंडार घर - गौरी कटान तारा ताल - भगवती टोल - वंगारा गाउँ वडा कार्यालय - वडा न. ८ - राधा स्वामी सतसंघ - नवदुर्गा मन्दिर हुदै पुष्पलाल चोकबाट	धनगढी १ नेपाली काग्रेस पार्टी कार्यालय नजिक रहेको पार्किङ स्थल	२ वटा ईभि मिनि बस (हायस) सवारी साधनको मासिक बहाल कर सहित न्युनतम बढाबढ अंक रु ३०००।
(तीस हजार)

२.आफुले खरिद गरेको प्रति प्याकेजमा मात्र कबोल रकम उल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ । एउटा मात्र प्याकेज खरिद गरी सबै प्याकेजमा कबोल रकम उल्ल्खे गरेको पाईएमा दाखिला गरेको दरभाउपत्र स्वतः रद्ध गरिनेछ ।

३.दरभाउ पत्र फाराम प्रति प्याकेज दस्तुर बापत रु. १०००। (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिने छ । कार्यालयबाट खरिद गरेको भौचर समेत संलग्न गरी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

४.फर्म वा कम्पनीहरुले दरभाउपत्र पेश गर्दा फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२।०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

५.ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बांकी किस्ताको रकम सम्झौताको तालिकामा उल्लेख भए अनुसारको समय अवधि भित्र बुझाउन पर्नेछ ।

६.सिलबन्दी दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्नु भन्दा पहिला २ सवारी साधनको रु २५०००००। दरले हुन आउने बराबरको नगद रकम वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा २४ महिना अवधी भएको कार्य सम्पादन जमानत पेश गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलानको पट्टा पुर्जी प्रदान गरिनेछ ।

७.सवारी साधन लगायत अन्य सबै सामाग्रिहरूको पूर्ण रूपमा सुरक्षाको ब्यवस्था गर्ने जिम्मेवारी ठेक्का साकार गर्ने पक्षको हुनेछ । हानी नोक्सानी भएमा ठेक्का साकार गर्ने पक्षले तुरून्त मर्मत गर्नु पर्ने छ ।

८.सवारी साधनलाई दुवै पक्षले छोडन/छोडाउन चाहेको खण्डमा १ बर्ष अगावै छोडन/छोडाउनु पर्ने कारण सहित सुचना दिइ खाली गराउन सकिनेछ । लिथियम ब्याट्रीको लाईफ र मूल्य प्राबिधिक रुपमा चेक जाँच गरेर सो नयाँ लिथियम ब्याट्री बरावरको मोल ठेक्का लिने पक्षले बुझाउनु पर्नेछ ।

अधिकृत स्तर आठौं

प.स. रा. ०८३।०८४
च.नं.

९.प्राकृतिक तथा मानवजन्य घटनाको सुरक्षा सम्बन्धी सम्पूर्ण जिम्मेवारी ठेकदार पक्षको हुनेछ र यसको लागि निजले आवश्यक बिमा सम्बन्धि कार्य गर्नु पर्नेछ।

१०.बसहरुको मर्मत सम्भार,ईन्धन,लिथियम ब्याट्री,चार्जिङ रकम,चालक,सह चालक लगायत बस संग सम्बन्धित सम्पूर्ण प्रत्यक्ष र अप्रत्यक्ष खर्चहरु ठेक्का लिनेले पक्षले ब्यहोर्नु पर्नेछ ।

११.सवारी साधनहरुको दर रेट र अन्य यातायात सेवा सुबिधा सम्बन्धी मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे अनुसार हुनेछ। बस रोकिने स्थान र समय दुवै पक्षको आपसी सहमतिमा हुनेछ। तोकिएको स्थान वा रुट बाहेक अन्य स्थानमा सवारी साधन संचालन गर्दा धनगढी उपमहानगरपालिकाको अनिवार्य रुपमा स्वीकृत लिनु पर्नेछ।

१२.सम्झौता अवधि समाप्त भएमा चालु अवस्थामा धनगढी उपमहानगरपालिकालाई ठेक्का लिने पक्षले सवारी साधन फिर्ता बुझाउनु पर्नेछ।

१३.धनगढी उपमहानगरपालिकालाई आवश्यक परेको समयमा बर्षको १२ दिन यस धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यलयलाई ठेक्का लागेको अंकको दामासाहिले हुन आउने रकम लिई धनगढी उपमहनगरपालिकालाई अनिवार्य रुपमा उपलब्ध गराउने जिम्मा ठेक्का लिने पक्षको हुनेछ।

१४.सिलबन्दी दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र दाताले आफुले कबोल गरेको बार्षिक ठेक्काअंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न. ४१७०१००३०३०००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ।

१५.सूचना प्रकाशित मितिबाट २२ औं दिन दिनको १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउंसो २.०० बजे सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ। तर सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

१६.दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो बिदा पछि कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ।

१७.कुनै पनि फर्म वा कम्पनीको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ। साथै उचित प्रतिस्पर्धा भएको नपाईएमा यस कार्यालयबाट पुनः सूचना प्रकाशित गर्न सकिनेछ।

१८.यस सूचनामा उल्लेख नभएका कुरा दुबै पक्षबीच हुने सम्झौता एंब कार्यालयको निर्णय र प्रचलित ऐन,कानून बमोजिम हुनेछ। साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ।

१९.यो सूचना धनगढी उपमहागरपालिकाको वेवसाइट dhangadhimun.gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ।

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय,धनगढी,कैलाली,सुदूरपश्चिम प्रदेश।

प्रति प्याकेज सिलबन्दी दरभाउपत्र दस्तुर रु १०००।

प्याकेज न	ठेक्का कार्यको विवरण र रुटहरुको सुरुवातको बिवरण सूचनामा उल्लेख भए अनुसार हुने	मासिक बहाल कर सहित न्युनतम बढाबढ अंक रु	मासिक बहाल कर सहित कवोल गरेको ठेक्का रकम		धरौटी रकम कबोल अंकको ५% रकम
			अंकमा रु	अक्षरमा रु	
१	रुट अनुसार २ वटा ईभि मिनि बस (हायस) सवारी साधनको मासिक ठेक्का रकम	रु ३००००।			
२	रुट अनुसार २ वटा ईभि मिनि बस (हायस) सवारी साधनको मासिक ठेक्का रकम	रु ३००००।			
३	रुट अनुसार २ वटा ईभि मिनि बस (हायस) सवारी साधनको मासिक ठेक्का रकम	रु ३००००।			
४	रुट अनुसार २ वटा ईभि मिनि बस (हायस) सवारी साधनको मासिक ठेक्का रकम	रु ३००००।			

फर्म वा कम्पनीहरुको तर्फबाटः

ब्यक्तिको नामः

फर्म वा कम्पनीको नामः

ठेगानाः

दस्तखतः

फोन नं.

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

अधिकृत स्तर आठौं